**Tribhuvan University Journal**
**Vol. 38, No. 1: 154-169, June, 2023**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v38i01.56214**

# 'दसैँ' र 'सहीको सही' कथामा वर्गीय शक्तिसम्बन्ध

## *गुरुप्रसाद पोखरेल*

*उपप्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस, त्रिवि, बागबजार ।*
*इमेल : gurupokharel@gmail.com*

Received date: 27 Feb 2023 – Accepted date: 9 June 2023

## लेखसार

गाउँको सन्देश (२०१०) कथासङ्ग्रहमा सङ्गृहीत 'दसैँ' र 'सहीको सही' कथामा तत्कालीन सामन्ती संरचनायुक्त समाजमा विद्यमान उच्चवर्गीय र निम्नवर्गीय चिन्तन, सोच, चरित्र र तिनका व्यवहारको प्रतिनिधित्व गराई निम्नवर्गीय जीवनका समग्र यथार्थलाई प्रस्तुत गरिएको छ । सर्वेक्षण, सूक्ष्म पठन तथा पाठ विश्लेषणको विधि प्रयोग गरी समग्रमा विश्लेषणात्मक विधिमार्फत सामान्यीकृत निष्कर्ष प्रस्तुत गरिएको 'दसैँ' र 'सहीको सही' कथामा सांस्कृतिक अध्ययनअन्तर्गत वर्गीय शक्तिसम्बन्धको खोजी र विश्लेषण गरिएको छ। यी कथामा उच्चवर्ग र निम्नवर्गबीचमा रहेको असमान, असन्तुलित र शत्रुतापूर्ण वर्गीय शक्तिसम्बन्धलाई देखाइएको छ । विश्लेष्य कथामा तत्कालीन समाजमा सामन्तवादी विमर्शात्मक संरचनायुक्त सञ्चेतना क्रियाशील रहेका कारण उत्पादनका साधनमाथि उच्चवर्गीय वर्चस्व कायम भएको छ र त्यसबाट निर्मित र प्रसारित ज्ञानका कारण वर्गीय शक्तिसम्बन्ध धमिलिई शत्रुतापूर्ण बनेको देखाइएको छ । तत्कालीन समाजमा उत्पादनका सबै साधनमाथि उच्चवर्गको वर्चस्व रहेको हुनाले वितरण प्रणाली र सामाजिक प्रभुत्वमा पनि उच्चवर्गकै आधिपत्य स्थापित भएको देखाइएको छ। यी कथामा वर्गीय विभेद, दमन र तत्कालीन समाज स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाले उच्चवर्गलाई शासक र निम्नवर्गलाई शासितको स्थान तय गरिदिएर उच्चवर्गीय दमन, उत्पीडन र शोषणका लागि आधार तयार पारेको देखाइएको छ । तत्कालीन केन्द्रीय तथा स्थानीय सत्तामा सामन्तवादी उच्चवर्गकै वर्चस्व रहेका कारण निम्नवर्ग आवाजविहीन र निमुखो बन्न पुगेको देखिन्छ । त्यसै गरी केन्द्रीय सत्तासम्मको पहुँचसमेत उच्चवर्गकै भएका कारण श्रमको मूल्य निर्धारण, सामाजिक न्याय, श्रमको अतिरिक्त मूल्यको शोषणजस्ता कार्यमा उच्चवर्गले छुट पाएको तथ्य निष्कर्षका रूपमा उक्त कथामा प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जी :** उच्चवर्ग, निम्नवर्ग, प्रभुत्व, वर्चस्व, सामन्तवादी विमर्शात्मक संरचना ।

## विषयपरिचय

बल्लभमणि दाहाल, कोशराज शर्मा र भोलानाथ दाहालद्वारा सम्पादित *गाउँको सन्देश* (२०१०) सामाजिक यथार्थवादी कथाहरूको सङ्ग्रह हो । प्रस्तुत कथासङ्ग्रहमा जम्मा पाँचवटा सामाजिक यथार्थवादी चेतनाका कथा समावेश छन् । यस सङ्ग्रहमा कोशराज शर्माको 'दसैं', भोलानाथ दाहालको 'सनातनी मुखुण्डो', बल्लभमणि दाहालका 'देवे भुजेल', 'सहीको सही' र 'बेइमानी कि इमानी' कथा सङ्गृहीत छन् । यी कथामध्ये कोशराज शर्माको 'दसैं' र बल्लभमणि दाहालको 'सहीको सही' कथामा वर्गीय समस्या, भोलानाथ दाहालको 'सनातनी मुखुण्डो' र बल्लभमणि दाहालको 'देवे भुजेल' कथामा जातीय समस्या र बल्लभमणि दाहालको'बेइमानी कि इमानी' गरिबीको समस्या मूल विषयवस्तुका रूपमा प्रस्तुत भएको देखिन्छ । यी कथामा सामाजिक सङ्कीर्ण रूढि, लैङ्गिक रूपमा व्यथा, पीडा र वेदनाले छट्पटिएको नारी जीवन, उत्पीडन र तिनले देखाएको त्यागमय आदर्श, आर्थिक सङ्घर्ष र अभावग्रस्तता, उत्पीडित लिङ्ग, जाति तथा तिनीहरूको सामाजिक-सांस्कृतिक मूल्य र मान्यता प्रस्तुत गरिएको छ । नेपाली ग्रामीण तथा सहरिया समाजका आर्थिक, राजनैतिक, सामाजिक, पारिवारिक, गरिबी, नारी तथा पुरुषका कलह, बेमेल, उच्च जातीय शोषण,दमन, अन्याय र अत्याचार आदि विविधपाटा तथा समस्याहरूको उद्घाटन गर्नु यस सङ्ग्रहका कथाको मुख्य प्रवृत्ति हो । यस लेखमा *गाउँको सन्देश* कथासङ्ग्रहका पाँचैवटा कथाको सर्वेक्षण र सूक्ष्म पठनबाट कोशराज शर्माको 'दसैं' र बल्लभमणि दाहालको 'सहीको सही' कथामा वर्गीय समस्या केकसरी प्रस्तुत भएको छ ?भन्ने कुराको खोजी र विश्लेषण गरिएको छ ।

सांस्कृतिक अध्ययनमा मानवसमाजमा रहेको व्यक्तिको अस्तित्व नै शक्ति मानिन्छ। शक्ति दमनकारी मात्र नभएर सिर्जनात्मक पनि हुन्छ। ज्ञान र सत्ताद्वारा शक्तिको निर्माण हुन्छ। शक्तिको प्रयोग प्रभुत्वशाली वर्गले समाजमा आफ्नो वर्चस्व कायम राख्नका लागि गर्दछ । शक्तिको केन्द्र व्यक्ति, जाति, समुदाय, लिङ्ग, वर्ग तथा राष्ट्रसमेत हुने गर्दछ । शक्तिले नै सत्यको निर्माण गर्छ र ज्ञान नै शक्ति बन्दछ । मानिसका लागि शक्ति आवश्यक छ । शक्ति समय, स्थान र परिस्थितिअनुसार परिवर्तन हुन्छ । यही क्रममा सत्य र ज्ञान पनि परिवर्तन हुने गर्छ । शक्ति कठोर र निष्ठुर पनि हुन्छ । समाजमा नयाँनयाँ शक्तिको जन्म हुन्छ । हाम्रो समाजमा पनि वर्गीय तथा जातीयजस्ता विभिन्न प्रकारका शक्तिहरू रहेका छन् । तीमध्ये शक्तिलाई व्यक्तिगत, जातिगत, वर्गगत, लिङ्गगत आदिका आधारमा विश्लेषण गरिन्छ । शक्तिकै केन्द्रका आधारमा समाजमा उच्च र शक्तिशाली वर्गले निम्न र कमजोर लाई अपहेलना गरेको देखिन्छ । वर्गीय शक्तिसम्बन्धले कृतिमा प्रस्तुत पुरुष र महिलाको वर्गसम्बन्ध, उच्चवर्ग र निम्नवर्गको मित्रतापूर्ण र शत्रुतापूर्ण सम्बन्धको खोजी गर्दछ । यसले सामाजिक संरचनामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व तथा निम्नवर्गप्रति उच्चवर्गद्वारा हुने उत्पीडनकारी, प्रभुत्वशाली र दमनकारी  सम्बन्धको अवस्थालाई देखाउँछ । यसले

कुनै पनि कृतिभित्र निम्नवर्गको मानसिक, शारीरिक, भौतिक क्रियाकलाप तथा अनुभूतिको प्रतिनिधित्व भएको छ कि छैन भन्ने कुराको खोजी र विश्लेषण गर्दछ ।

शक्तिकै आधारमा समाजमा उच्च र शक्तिशाली वर्गले निम्नवर्ग र कमजोरलाई अपहेलना गरेको र निम्नवर्ग उच्चवर्गबाट सँधै शोषण, दमन र उत्पीडनमा परेको कुरा 'दसै' र 'सहीको सही' कथामा प्रस्तुत भएको देखिन्छ। यो तत्कालीन विमर्शात्मक संरचनायुक्त समाजमा विद्यमान मुख्य समस्या हो । प्रस्तुत लेखमा शक्तिसम्बन्धसम्बन्धी ग्राम्ची, फुको, मिल्स तथा लुक्सका अवधारणाहरूलाई मुख्य आधार बनाई *गाउँको सन्देश* कथासङ्ग्रहमा रहेका 'दसै' र 'सहीको सही' कथालाई सोद्देश्य नमुना छनोट गरी वर्गीय शक्तिसम्बन्धका आधारमा वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

## अध्ययनविधि

*गाउँको सन्देश* (२०१०) कथासङ्ग्रहमा सङ्गृहीत पाँचवटा कथामध्ये सोद्देश्य नमुना छनोट गरी वर्गीय शक्तिसम्बन्धका दृष्टिले सघन देखिएका 'दसैं' र 'सहीको सही' कथामा निहित वर्गीय शक्तिसम्बन्धलाई ठम्याउनु नै प्रस्तुत अध्ययनको मुख्य विषय हो । प्रस्तुत अध्ययन पूर्णतः साहित्यिक र गुणात्मक भएकाले त्यसका लागि पुस्तकालयीय कार्यद्वारा अध्ययन गरिएको छ । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन् । त्यसमध्ये *गाउँको सन्देश* कथासङ्ग्रहका 'दसैं' र 'सहीको सही' कथा प्राथमिक स्रोत हुन् । शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक मान्यतालाई द्वितीयक सामग्री स्रोतका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनका लागि सङ्कलित सामग्रीको पाठ विश्लेषण गर्ने सैद्धान्तिक पर्याधार सांस्कृतिक अध्ययनअन्तर्गत समेटिने शक्तिसम्बन्धसम्बन्धी ग्राम्ची, फुको, मिल्स र लुक्सका अवधारणाहरू हुन् । शक्तिसम्बन्धअन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि विचारधाराका माध्यमबाट शक्तिशाली उत्पीडनकारी सामन्ती शासक वर्गले निम्नवर्गका निरीह जनतामाथि दमन र उत्पीडन गर्ने काम गर्छ। यसै सैद्धान्तिक अवधारणाका आधारमा निगमनात्मक विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसको अर्थापन गरिएको छ । समग्रतः यस लेखमा शक्तिसम्बन्धसम्बन्धी मान्यताका आधारमा 'दसै' र 'सहीको सही' कथालाई सोद्देश्य नमुना छनोट गरी वर्गीय शक्तिसम्बन्धका आधारमा वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

## सैद्धान्तिक पर्याधार

समाजमा रहेका वर्ग, जाति, लिङ्ग, धर्म, संस्कृति तथा क्षेत्रीयताबीचको शक्तिको सम्बन्ध र सन्तुलन नै शक्तिसम्बन्ध हो । शक्तिसम्बन्धका विषयमा ग्राम्सी, फुको, मिल्स र लुक्सले आफ्ना अवधारणा प्रस्तुत गरेका छन् । ग्राम्चीको बल प्रयोग नगरी पनि समाजभित्रका विभिन्न समुदाय तथा वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ भने प्रभुत्वसम्बन्धी, फुकोको विमर्श,

ज्ञान र शक्तिबाट नै शक्तिसम्बन्ध प्रस्तुत हुन्छ भन्ने शक्तिसम्बन्धसम्बन्धी, मिल्सको कुलीनहरूको शक्ति संरचनासम्बन्धी र लुक्सको शक्तिका तीन आयाम निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति, र वैचारिक शक्तिसम्बन्धी मान्यताअन्तर्गत शक्तिसम्बन्धको अवधारणा प्रस्तुत भएको देखिन्छ । ग्राम्चीका अनुसार शासक वर्गले निम्नवर्गमाथि दमनकारी प्रभुत्व स्थापना गरी शासन गर्छ । प्रभुत्वले विचारधारामार्फत आफूअनुकूल संस्कार र चेतना निर्माण गरी मानिसमा आलोचनात्मक चेतना समाप्त पार्छ र उसले आफूमाथिको उत्पीडन तथा राज्यको शासनप्रणालीको दमनात्मक स्वरूपलाई वैधता प्रदान गर्छ (गिरी २०७०, पृ. ३०) । ग्राम्चीको प्रभुत्वको सार भनेकै प्रभुत्व त्यतिबेला प्राप्त हुन्छ जब उच्चवर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्दछन् । यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँगसहमति गरिन्छ र एउटा साझा मान्यताको विकास गरिन्छ (पाण्डेय २०७३, पृ. ६४) । प्रभुत्वअन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि विचारधाराका माध्यमबाट शक्तिशाली शासक वर्गले निम्नवर्गका जनतामाथि दमन गर्ने काम गर्छ । यो दृष्टिकोण नै ग्राम्चीको वर्चस्वसम्बन्धी मान्यता हो । सहमतिले नागरिक समाजका मानिसलाई सङ्गठित र एकत्व बनाउँछ तर बल प्रयोगका कारणले राजनीतिक शक्तिलाई उत्तरदायी बनाउँछ । मानवीय दमनको मूल स्रोत नेतृत्वमा हुने र राजनीतिक वर्चस्वको मूल स्रोतका रूपमा सरकार हुने हुँदा सत्ताधारी वर्गले आफ्नो सत्ता स्वार्थकै लागि पनि राजनीतिक नेतृत्वका रूपमा वर्चस्वको अभ्यास गर्ने गर्दछ । (ग्राम्ची सन् १९९६, पृ.५७/५८) । प्रभुत्व भनेकैशासक हो । शासक वर्गले शासित वर्गमाथि कसरी आफ्नो नियन्त्रण कायम गर्छ र वर्चस्व स्थापना गर्छ भन्ने व्याख्या नै ग्राम्चीको मूल मान्यता हो । शासक वर्गले हिंसा वा बलका आधारमा राज्यका सबै पक्ष र विशेष गरी तल्लो वर्गलाई नियन्त्रण गर्न सक्दैन, त्यसका लागि उसले सहमतिका आधारहरू तयार पार्छ र सहमतिबाटै वर्गीय दमनलाई स्थिर र प्रभावकारी बनाउँछ भन्ने धारणा ग्राम्चीको छ । यसका लागि उसले सञ्चार, विद्यालय र परिवारका माध्यमहरूको उपयोग गर्छ । यसैलाई ग्राम्चीले प्रभुत्व भनेका छन् (भट्टराई २०७०, पृ. ३४४) । यसरी नजानिँदो ढङ्गबाट भित्रभित्रै शक्तिशाली शासकवर्गले गरिब जनतामाथि दमनकारी र शोषणजन्य शासन गरिरहने तथ्यलाई उनले प्रस्तुत गरेका छन् । ग्राम्चीका अनुसार प्रभुत्व एक किसिमको मानसिक दासता हो, जो मूलतः सत्ता निर्मित सांस्कृतिक संस्थाहरू र तिनका सम्प्रेषक वर्गहरूबाट प्राप्त हुन्छ (गिरी २०७०, पृ. ३३) । ग्राम्चीका अनुसार जुनसुकै व्यक्ति, समुदाय वा निकायले आफ्नो प्रभुत्व कायम गर्न दमन वा सहमतिकै उपायको प्रयोग गर्छन् । फलस्वरूप प्रभुत्वशाली र प्रभुत्वमा आउन चाहनेका बीचमा सङ्घर्ष हुन्छ तर प्रभुत्व स्थायी हुँदैन । कुनै पनि समाजका व्यक्ति, वर्ग वा समूह सधैँभरि प्रभुत्वशाली हुन सक्दैनन् । जो प्रभुत्वशाली छ, उसको प्रभुत्व पनि सधैँभरि प्रभावशाली भइरहन सक्दैन ।समाजमा एकै किसिमको प्रभुत्व स्थायी रूपमा रहन सक्दैन । यो अस्थायी हुन्छ । ग्राम्चीका अनुसार शक्तिशाली समूहले कमजोर र निमुखामाथि आफ्नो शासनसत्ताको प्रभुत्व कायमै राख्नका लागि बलको मात्र प्रयोग गर्दैनन्, सहमतिमार्फत पनि

प्रभुत्व निर्माण र प्रयोग गर्छन् । उच्च वर्गले आफ्नो हैकम/प्रभुत्वलाई बल र सहमति दुवै को प्रयोगबाट कमजोर र निरीह वर्गमाथि आफ्नो वर्चस्व कायम गरिरहन्छ (श्रेष्ठ २०६८, पृ. ४० ) । यसरी शासक वर्गले पछाडि परेका/पारिएका समुदायको दमनका लागि कसरी नियमनिर्माण गर्छन् र सांस्कृतिक मूल्य-मान्यताले कसरी आफ्नो वर्गको हितको रक्षा गर्छन् भन्ने कुरा नै प्रभुत्वको केन्द्रीय विषय बनेको देखिन्छ । उसले उत्पीडित वर्गमाथि प्रभुत्व कायम गर्नका लागि वैचारिक, शैक्षिक, धार्मिक, सांस्कृतिक रूपमा नै बढी जोड दिएको हुन्छ (चैतन्य २०७०, पृ. १५८-५९) । यसरी हेर्दा सामन्तवादी सामाजिक संरचना विद्यमान भएको समाजमा उच्चवर्गको निम्नवर्गमाथि सबै प्रकारको शोषण रहेको हुन्छ ।

फुकोले विमर्शात्मक संरचनासम्बन्धी धारणा प्रस्तुत गर्दै यसलाई भाषिक व्यवहारका सन्दर्भबाट अध्ययन गरेका छन् । विमर्शले भाषा र अभ्यास दुवैलाई एकत्व गर्छ र भाषाका माध्यमबाट भौतिक विषय र सामाजिक अभ्यासका आधारमा ज्ञानको उत्पादन गर्छ । वर्गीय हिसाबले उच्चवर्गले राष्ट्रिय लोकप्रिय प्रभुत्वको पक्षमा रहेको सङ्कीर्ण आर्थिक-कर्पोरेट स्वार्थमाथि विजय गराउन आफ्नो विचारधारा प्रवाहित गर्छ । विचारधाराले हेजेमोनिक र काउन्टर-हेजेमोनिक ब्लकहरूको गठनमा सामाजिक सिमेन्टको रूपमा काम गर्दछ । पुँजीवादी वर्गचरित्रको मान्यताअनुसार मानिसमा निहित सामान्य ज्ञान वैचारिक सङ्घर्षको सबैभन्दा महत्त्वपूर्ण स्थल हो । (बार्कर सन् २०१७, पृ. ७६) । विमर्शले ज्ञानलाई परिभाषित र उत्पादन पनि गर्छ । मानवीय भाषिक व्यवहार र सामाजिक व्यवहारका बौद्धिक, तार्किक, अभ्यास, ज्ञानात्मक स्वरूप, भाषिक व्यवहार, विचार, मान्यता आदि विविध क्रियाकलापहरूले समाजमा एक प्रकारको विमर्श निर्माण गर्छन् (फुको सन् १९८०, पृ. १८) । फुकोका विचारमा सत्यको स्वरूप कहिल्यै सार्वभौमिक हुँदैन र यो सदैव आंशिक, स्थानीय र परिवर्तनशील हुन्छ । फुकोले ज्ञान, विमर्श र सत्तालाई आधुनिक समाजको निर्माणको आधार भूत पक्ष मानेका छन् र उत्तरआधुनिक समाजको ज्ञान र सत्ताको स्वरूप केन्द्रीकृत नभई विकेन्द्रित छ भन्ने स्वीकार गरेका छन् (फुको सन् १९८०, पृ. २४९) । मनुष्यको शरीर पनि सत्ताकेन्द्र हो र सत्ता व्यक्तिपरक हुने हुँदा सत्ताको अध्ययन सार्वभौमिक वा राज्यमा मात्र नभई स्थानीय स्तरमा पनि हुन्छ । जोसँग ज्ञान छ, त्यो शक्तिशाली हुन्छ । उत्तरआधुनिक युगमा जोसँग ज्ञानात्मक सत्ता छ त्यसले नै सबैलाई अधीन गर्दछ भन्ने मान्यता फुकोको छ । सत्ताको अस्तित्व बलशाली भए पनि स्थानीय सत्ता नै ज्ञानको अवस्था हो । फुकोले ज्ञान र सत्तालाई परिवार, वर्ग, जाति, लिङ्ग र समुदायगत सम्बन्धसम्म पुऱ्याएका छन् (फुको सन् १९८०, पृ. १२४) । परम्परागत अर्थमा सत्ता थोपरिने प्रक्रिया हो भने फुकोका अर्थमा यो अभ्यास हो । त्यसैले यो दमनकारी वा हिंसात्मक हुनुपर्छ भन्ने जरुरी छैन बरु यो उत्पादक हुन सक्छ । सत्ता केन्द्रीय स्रोत मात्र होइन बरु तलबाट निर्माण हुने प्रक्रिया हो ।

फुकोका अनुसार शक्तिले 'साङ्लोको रूपमा काम गर्दैन', यो प्रवाहित हुन्छ । यसलाई एउटा मात्र केन्द्रले एकाधिकारका साथ प्रयोग गर्दैन । यो 'लागु गरिन्छ र जालो जस्ता संस्थाहरूमार्फत अभ्यासमा ल्याइन्छ ।' (फुको सन् १९८०, पृ. ९८) यसको अर्थ हामी पनि केही हदसम्म शक्तिको प्रवाहमा समेटिएका छौँ । हामी दमनकारी र दमित दुवै हौँ । यो एकै स्रोत वा स्थानबाट माथिबाट तलतर्फ मात्र आएको हुँदैन ।शक्ति र ज्ञानले एकअर्कालाई सङ्केत गर्छ । शक्तिको खेलको मैदान "मुक्ति" द्वारा जितिएको हुँदैन, किनभने मुक्ति पहिले नै अधीनताको पक्षको रूपमा अवस्थित हुन्छ । फुकोले पहिचानको धारणा, र नियन्त्रण र नियमन विधिको रूपमा शक्तिको प्रयोगको व्याख्या गरेका छन् (फुको, सन् १९७७, पृ. २७/२८) । शक्तिसम्बन्धहरूले सबै वर्ग, जाति, लिङ्ग, अवधारणा, विचार, मान्यता जस्ता सामाजिक अस्तित्वका तहहरूमा काम गरिरहेका हुन्छन् । तसर्थ तिनीहरू सामाजिक जीवनका सबै क्षेत्रहरूमा काम गरिरहेका भेटिन्छन् चाहे त्यो वर्ग, परिवार वा यौनिकता जस्तो निजी क्षेत्रमा होस् चाहे राजनीति, अर्थतन्त्र र कानुन जस्ता सार्वजनिक क्षेत्रमा होस् (हल सन् १९९७, पृ. ३३/३६) । त्यसका अतिरिक्त शक्ति आफूले नियन्त्रण गर्न खोजेको कुरालाई दबाउने किसिमको नकारात्मक मात्र हुँदैन । यो उत्पादक पनि हुन्छ । यसलाई पूरै सामाजिक संरचनामार्फत सञ्चालित उत्पादनशील सञ्जालको रूपमा बुझ्नुपर्छ । (फुको सन् १९८०, पृ. ५०, ११९) यसरी फुकोले विमर्शबाट सबै कुराको प्रतिनिधित्व हुने कुरा उल्लेख गरेका छन् ।फुकोका विचारमा शक्ति एउटा क्षमता वा वस्तु होइन जो कुनै व्यक्ति वा संस्थामा निहित हुन्छ । यो त व्यक्तिहरूबीचको सम्बन्धको परिणाम मात्र हो र यसको अस्तित्व त्यतिबेला मात्र हुन्छ जतिबेला यसको अभ्यास गरिन्छ (पौडेल २०७०, पृ. ९४) । यसरी समाजमा शक्तिको प्रयोगको अवस्था एउटा पिरामिड जस्तै तलसम्म प्रवाहित भइरहन्छ भन्ने मान्यता देखिन्छ ।

मिल्सले संयुक्त राज्यमा रहेका कुलीनहरूको शक्ति संरचनाहरूको विश्लेषण गरेका छन् । उनले राजनीतिक, आर्थिक र सैन्य अभिजात वर्गहरूबीचको अन्तरसम्बन्ध केलाएका छन् । मिल्सका अनुसार शक्ति अभिजात वर्ग ती हुन् जसले प्रभुत्वशाली देशको तीन स्तम्भ संस्थाहरू (राज्य सुरक्षा, आर्थिक र राजनीतिक) मा प्रमुख पदहरू ओगटेका हुन्छन् । अभिजात वर्गहरूका निर्णयहरूले परम्परागत कृषि र शिल्प अर्थतन्त्रलाई प्रतिस्थापन गरेको हुन्छ । उनीहरूले शक्ति एकीकृत गर्दै प्रत्येक सामाजिक संरचनाको प्रत्येक एकाइमा प्रवेश गरी नोकरशाही तन्त्र लाद्ने काम गर्छन् । निम्नवर्गमाथि राजनीतिक, आर्थिक र सैन्य प्रतिष्ठान सबै क्षेत्रमा दमनको डन्डा बर्साउँछन् (मिल्स सन् १९५६, पृ. ५/७) । लुक्सले शक्तिका तीन आयामहरू प्रस्तुत गरेका छन् । ती हुन् : निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति, र वैचारिक शक्ति निर्णय गर्ने शक्ति सार्वजनिक हो । यो राजनीतिक कार्य मार्फत प्रकट हुने नीति प्राथमिकताहरूमा केन्द्रित छ । गैर-निर्णय गर्ने शक्ति त्यो हो जसले बहसहरूमा

एजेन्डा सेट गर्दछ र निश्चित मुद्दाहरूको वैधता सार्वजनिक फोरमहरूमा छलफलको लागि अस्वीकार्य बनाउँछ। वैचारिक शक्तिले मानिसहरूको इच्छा र विचारहरूलाई प्रभाव पार्न अनुमति दिन्छ। उनीहरूलाई तिनीहरूको आफ्नै स्वार्थको विरुद्धमा चीजहरू चाहन्छन् (लुक्स सन् १९७४, पृ. १५/२५)। यसरी लुक्सका अनुसार निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति, र वैचारिक शक्तिका केन्द्रबाट वर्गीय सम्बन्धको खोजी गरिन्छ।

सामाजिक संरचनामा हेर्दा समाजका विभिन्न वर्गहरूबीचको सम्बन्धलाई वर्गीय शक्तिसम्बन्ध भनिन्छ। मालिक र मजदुर, उच्चवर्ग र निम्नवर्ग, सामन्त र सर्वहारा वर्ग, साहु र नोकर, जमिनदार र किसान आदि विभिन्न सामाजिक वर्गहरूको बीचमा आर्थिक उत्पादनका लागि खास प्रकारको शक्तिसम्बन्ध हुन्छ। वर्गयुक्त समाजका दास र मालिक, किसान र सामन्त तथा सर्वहारा र पुँजीवादी वर्गका बीचको सम्बन्ध वैरभावपूर्ण सम्बन्ध हुन्छ भने निम्नवर्गीय मजदुर, किसान, नोकर आदिका बीचको सम्बन्ध वैरभावरहित हुन्छ। मूलतः वर्गीय शक्तिसम्बन्ध विषय, रुचि, अर्थ र आवासका आधारमा निर्माण गरिएको हुन्छ (पौडेल २०७६ पृ. ३६)। समाजमा वर्गीय शक्तिम्बन्धलाई आर्थिक-सामाजिक, सांस्कृतिक, राजनैतिक आदि परिस्थितिले प्रभाव पारेको हुन्छ। उच्चवर्गले निम्नवर्गसँग र निम्नवर्गका मानिसहरूले उच्चवर्गका मानिसहरूसँग राख्ने समाजको सम्बन्ध मालिक र नोकर, मालिक र दास, सम्पन्न र विपन्नको आधारमा निरूपण गरिएको हुन्छ। समाजमा उच्चवर्गको मानिसले निम्नवर्गको मानिसलाई हेर्ने दृष्टिकोणको स्थापना भएको अवस्थामा वर्गीय शक्तिसम्बन्ध प्रकट हुन्छ (पौडेल २०७६, पृ. ३५)। ज्ञान र शक्तिबाट विमुख गराएर, आर्थिक रूपमा माथि उठ्न नदिएर, आफूअनुकूल सामाजिक मूल्य खडा गरेर, निम्नस्तरको भाषा प्रयोग गरेर तथा शक्ति र श्रमलाई अवमूल्यन गरेर र निम्नवर्गलाई निरन्तर समस्यामा पारेर उच्चवर्गले निम्नवर्गमाथि अन्याय, अत्याचार, शोषण र दमन गरेको हुन्छ।त्यसैलेशक्ति भन्नासाथ ज्ञान आउँछ, ज्ञान भन्नासाथ शक्ति यी दुईमध्ये एकले अर्कोलाई डोऱ्याएको हुन्छ (गौतम २०७१,पृ.११६)। वर्गीय शक्तिसम्बन्धअन्तर्गत समाजमा उच्चवर्गद्वारा निम्नवर्ग के, कुन, कति, कसरी र कस्तो अवस्थामा सधैँ शोषित, दमित, निमुखो र उत्पीडित बनाइन्छ भन्ने कुराको विश्लेषण गरिन्छ (ब्रेट्ली सन् १९९६, पृ. २२१)। ज्ञान र शक्तिबाट विमुख गराएर, आर्थिक रूपमा उठ्न नदिएर, निम्नस्तरको भाषा प्रयोग गरेर, सम्पत्तिका आधारमा स्तर निर्धारण गरेर, प्रभुत्वको प्रयोग गरेर, आफ्नो स्वीकृतिबिना गरेको कामलाई गलत देखाएर, अघोषित प्रतिद्वन्द्विता गरेर र आफूअनुकूल सामाजिक मूल्य निर्माण गरेर जस्ता आधारहरूबाट उच्चवर्गले निम्नवर्गमाथि उत्पीडन गरेको देखिन्छ।यसरी वर्गीय शक्तिसम्बन्धमा सत्ता र दमन, सत्ता र प्रतिरोध, सत्ता र लैङ्गिकता, सत्ता र ज्ञान तथा सत्ता र विचारधारा जस्ता कृतिमा प्रस्तुत पक्षको खोजी र विश्लेषण गरिन्छ। समग्रतः यस लेखमा माथि प्रस्तुत शक्तिसम्बन्धसम्बन्धी अवधारणाका आधारमा *गाउँको सन्देश* कथासङ्ग्रहका

'दसैँ' र 'सहीको सही' कथामा अभिव्यक्त वर्गीय शक्तिसम्बन्धको वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

## विश्लेषण र परिणाम

प्रस्तुत लेखमा *गाउँको सन्देश* (२०१०) कथासङ्ग्रहमा सङ्कलित कोशराज रेग्मीद्वारा लिखित 'दसैँ' र बल्लभमणि दाहालद्वारा लिखित 'सहीको सही' कथामा निहित उच्चवर्ग र निम्नवर्गबीचको अमानवीय, असन्तुलित र शत्रुतापूर्ण वर्गीय शक्तिसम्बन्धको खोजी र विश्लेषण गरिएको छ ।वर्गीय असमानता, उच्चवर्गीय सामन्तवादी वर्चस्व र अधीनस्थता, निम्नवर्गीय दीनहीनता र पुँजीवादी चरित्रका कारण उत्पीडित निम्नवर्गका समुदायले भोग्नुपरेका सास्ती तथा त्यसबाट उत्पन्न कारूणिक जीवनदशालाई यी कथामा निष्कर्षका रूपमा प्रस्तुत  गरिएको छ । यी कथामा तत्कालीन विमर्शात्मक संरचनायुक्त सामन्ती समाजमा कुनै पनि शक्तिका स्रोतबाट वञ्चित, उपेक्षित र अधीनस्थ निम्नवर्गीय उत्पीडित समुदायको प्रतिनिधित्व गराइएको छ। यस लेखमा सोद्देश्य नमुना छनोट गरिएका 'दसैँ' र 'सहीको सही' कथामा निहित वर्गीय शक्तिसम्बन्धको विश्लेषण गरिएको छ

### 'दसैँ'कथामा वर्गीय शक्तिसम्बन्ध

बल्लभमणि दाहाल, कोशराज शर्मा र भोलानाथ दाहालद्वारा सम्पादित*गाउँको सन्देश* (२०१०) कथासङ्ग्रहमा सङ्कलित कोशराज रेग्मीद्वारा लिखित 'दसैँ' कथामा सामन्त वर्ग र निम्नवर्गको प्रतिनिधित्व छ। यस कथामा मानबहादुर, मानबहादुरकी पत्नी, मानबहादुरका छोराछोरी, जेठा मुखिया, जेठी मुखिनी र पण्डितजस्ता निम्नवर्ग र उच्चवर्ग दुवै वर्गका पात्रहरूको उपस्थिति रहेको छ। यीमध्ये पनि मानबहादुर र जेठा मुखियाको मुख्य भूमिका रहेको यस कथामा जेठा मुखियाले उच्चवर्गीय सामन्तवर्गको प्रतिनिधित्व गरेको छ भने मानबहादुर, उसकी पत्नीलगायत अन्य सबै पात्रहरूले निम्न/गरिब वर्गको प्रतिनिधित्व गरेका छन्। २००९/१० आसपासको तत्कालीन नेपाली समाजको वर्गीय स्वरूपलाई प्रस्तुत गरिएको यस कथामा उच्च वर्गीय अहम् र त्यसबाट सिर्जित नकारात्मक सामाजिक पक्षलाई प्रस्तुत गरिएको छ । २०११ सालपूर्वको ग्रामीण नेपाली समाजको वर्गअवस्थाको चित्रण गरिएको यस कथामा शोषक र शोषित वर्गका बीच देखापरेका असमानता र विरोधाभासपूर्ण वर्गीय सम्बन्धलाई उल्लेख गरिएको छ ।

कोशराज रेग्मीद्वारा लिखित 'दसैँ' कथामा मुख्य पात्रका रूपमा प्रस्तुत साहु जेठा मुखिया र गरिब मानबहादुर दुवै छिमेकी हुन् । जेठा मुखिया गाउँको धनीमानी सामन्त हो । मानबहादुरचाहिँ दुई छाक हातमुख जोर्न धौधौ परिरहेको निम्नवर्गीय गरिब पात्र हो । उसको सम्पत्तिका नाममा एउटा गरो बारी मात्र छ। जेठा मुखियाचाहिँ बाबुबाजेबाट प्राप्त पैतृक सम्पत्तिका बलमा मानबहादुरलगायत सारा निम्नवर्गीय गाउँलेहरूमाथि सामन्ती हैकम र प्रभुत्व कायम गरेर बसेको पात्र हो। यस कथामा तत्कालीन सामन्तवादी समाजमा

प्रचलित नेपालीहरूको महान् पर्व दसैं मनाउन धनीमानीलाई सहज भएको तर मानबहादुर जस्ता गरिब वर्गका मानिसलाई त्यही दसैं मनाउन साहुकहाँ ऋण माग्दा नदिएपछि जग्गा बेच्नुपरेको र जीवनमा दसैं पर्व नै दसा बनेर आएको मार्मिक सन्दर्भ प्रस्तुत गरिएको छ । निम्नवर्गीय मानबहादुर बिरामी परेर साहुको काम गर्न असमर्थ भएको, महान् चाड दसैं आएकाले खर्च अभावमा ऊ छटपटिएको, जग्गा धितो राखी ऋण दिन मुखियासँग आग्रह गरेको तर मुखियाले उल्टै गाली गरी कुटपिट गरेर घरबाट निष्कासन गरेको, रुँदै घर गएरमानबहादुरले पत्नीको बुलाकी बेची दसैं मनाएको आदि सन्दर्भ यस कथामा प्रस्तुत भएका घटना हुन् । यस कथामा साहुले उत्पीडक र मानबहादुरले उत्पीडित वर्गको प्रतिनिधित्व गरेका छन् । त्यसैले यसमा नेपाली समाजमा निहित वर्गहरूबीचको असन्तुलित र उत्पीडनकारी शक्तिसम्बन्धको चित्रण भएको छ । उच्चवर्गीय र निम्नवर्गीय सामाजिक सम्बन्धलाई चित्रण गरिएको यस कथामा दुई भिन्न वर्गको प्रतिनिधित्वको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ :

> यस्तो रमाइलो केबल सम्पन्न धनी परिवारमा देखिन्छ । तर गरिब परिवारमा भने 'हुनेको दसैं नहुनेको बसैं' भने जस्तो छ। दुई तीन दिनदेखि नै मानबहादुर तामाङको घरमा बास छैन । उसका छिमेकीहरूकहाँ मानबहादुर ऋण खोज्न गएको कहीँ कसैले पनि दिएन । कसले दिन्थ्यो त्यस्ता गरिबलाई ? घरमा बेच्ने जिनिसहरू पनि केही छैन । बिचाराको धनको नाममा बुचेठेकी भनेजस्तो एउटा गरो बारी थियो । त्यो पनि जेठा मुखियाले पोहोरै डिक लेखेको थियो । (पृ. २)

प्रस्तुत कथांशमा पैतृक सम्पत्तिवाला मुखिया धनीमानी र एउटा गरो मात्र भएको सम्पत्तिविहीन गरिब मानबहादुरको असमान वर्गीय शक्तिसम्बन्धलाई सङ्केत गरिएको छ । यसलेतत्कालीन सामन्तवादी विमर्शात्मक संरचनायुक्त समाजमा उत्पादन, वितरण, विनिमय र उपभोग प्रक्रियामा सामन्त मुखियाको केन्द्रीय पहुँच रहेको छ भने उत्पादनका साधन, वितरण, विनिमय र उपभोगबाट मानबहादुर भने पूर्ण रूपमा वञ्चित रहेको छ । मुखियाले आफ्नो पैतृक सम्पत्तिको रबाफमा मानबहादुर, पण्डितलगायतका गाउँलेहरूप्रति उच्चवर्गीय वर्चस्व कायम गरेको छ । यसबाट साहु मुखियाको गरिब मानबहादुरप्रतिको व्यवहार सामन्ती र उत्पीडनकारी रहेको पाइन्छ । त्यस किसिमको व्यवहारबाट उसले सामन्ती वर्गीय सम्बन्ध देखाएको छ र यस सामन्ती वर्गीय सम्बन्धले शत्रुतापूर्ण र वैरभावपूर्ण सम्बन्धको स्वरूप लिएको देखिन्छ । यसले सत्तासम्बन्धको पहुँचमा रहेको मुखियाबाट गरिब किनारीकृत मानबहादुर चरम दमनमा परेको देखिन्छ । यस कथामा उच्चवर्गीय शोषण, दमन र उत्पीडनलाई मुख्य कथ्यसन्दर्भ बनाइएको छ । तत्कालीन वर्गीय सामाजिक संरचना सामन्ती उत्पादन सम्बन्धमा आधारित रहेको र त्यस समाजमा वर्गीय शोषण, दमन र उत्पीडनको अवस्था निकै भयावह स्वरूपको थियो । आर्थिक दृष्टिले गरिब किसान, महिला,

मजदुर तथा निम्नवर्गीय समुदायहरू उच्चवर्गबाट उत्पीडित र सीमान्तीकृत थिए भन्ने कुरा स्पष्ट देखिन्छ ।

सामन्तवादी समाजमा उच्चवर्गले आर्थिक सम्बन्धकै आधारमा निम्नवर्गमाथि प्रभुत्व कायम गर्दछ । यस कथामा आफ्नो पुर्ख्यौली सम्पत्तिका धाकमा मुखियाले मानबहादुरको जग्गामाथि आँखा गाडेको छ । उसले धनेलाई धेरै धम्की दिएर र केही ऋण दिएर उसको एक गरो बारीसमेत डिक लेखेर आफ्नो पारेको छ (पृ. २) । “हजुर ! दसैं मान्न पाइन, दस पाथी धान र पाँच रुपियाँ पाऊँ । जे ब्याज भए पनि कबोल गर्छु” भनेर मुखियासँग दसैं मनाउने ऋण माग्दा मानबहादुरलाईमुखियाले “पाजी ! यतिका दिन कहाँ मरेको थिइस ? पोहोरको रुपियाँ तिर्नु त कहाँ अझै ऋण माग्दैछस् । कसका बाबुको सम्पत्ति पाउँ र तँलाई दान दिऊँ” (पृ. ३) भनेर गाली र तिरष्कार गर्दै अपमानजनक व्यवहार गरेको छ (पृ. ३)। यहाँ मुखियाको मानबहादुरले मागेको ऋणप्रतिको असहमति र विरोधले गर्दा उनीहरूबीचको वर्गीय शक्तिसम्बन्ध वैमनष्य र प्रतिरोधपूर्ण बन्न पुगेको देखिन्छ । मुखियाको उक्त भनाइले गाउँको साहुसँग निम्नवर्गीय मानबहादुर र गाउँलेहरूको शत्रुतापूर्ण वर्गीय सम्बन्ध रहेको स्पष्ट हुन्छ । यस कथामा निम्नवर्गीय गाउँलेहरू मानबहादुरकी पत्नी, छोराछोरी, पण्डितजस्ता असचेत निम्नवर्गीय पात्रहरूले सामन्त मुखियाको विरोध गर्न सकेका छैनन् र ऊप्रति सकारात्मक पनि छैनन् । उच्चवर्गीय मुखिया सबै निम्नवर्गीय पात्रप्रति कुनै कोणबाट पनि सकारात्मक छैन । यसरी यस कथामा मुखिया र गरिबहरूबीचको सम्बन्ध शत्रुतापूर्ण रहेको देखिन्छ । मुखियाको मानबहादुरप्रतिको उत्पीडनकारी र अपमानजन्य व्यवहारले सामन्ती र शोषक वर्गीयशक्तिसम्बन्धलाई देखाएको छ भने मानबहादुर दम्पती साहुबाट शोषित, उत्पीडित र अधीनस्थ भएको वर्गीय शक्तिसम्बन्धलाई देखाएको छ । यस कथामा उत्पीडक र उत्पीडित वर्गीय चरित्रको प्रतिनिधित्व छ र त्यसले तत्कालीन नेपाली समाजको सामन्तवादी प्रभुत्वशाली उच्चवर्गीय सामाजिक संरचनाका अनेक आयामहरूलाई खोतलेको छ ।

प्रस्तुतकथामा निम्नवर्गको मानबहादुरले जग्गा बन्धकी राखेर ऋण माग्दा तत्कालीन वर्चस्वशाली र अहंकारी उच्चवर्गीय मुखियाबाट मानसिक यातनामात्र नभई भौतिक आक्रमण नै चुपचाप सहनुपरेको छ । कथामा निम्नवर्गको मानबहादुरमाथिको मुखियाको थिचोमिचो र अत्याचारलाई यसरी प्रस्तुत गरिएको छ : “मुखियाले साक्षात् यमराजजस्तो भीषण रूपमा झम्टिदै मानबहादुरको गर्धनमा हात लगाएर तगारातिर घिच्याउँदै दसैंको दिन मलाई फुर्सद छैन नभए ठिगुरा ठोकेर राख्ने थिएँ । ‘जा मर’ भन्दै तगारो कटाएर घरभित्र पसे ।” (पृ. ५) यस कथांशबाट तत्कालीन सामन्तवादी विमर्श भएको समाजमा उच्चवर्गबाट निम्नवर्ग कतिसम्म प्रताडित थिए भन्ने कुरा स्पष्ट हुन्छ । निम्नवर्गले मानिस हुनुको अस्तित्वबोध गर्न नसक्ने परिपाटी विद्यमान भएको तत्कालीन

समाजमा मानबहादुरजस्ता गरिबहरू उच्च वर्गका मुखियाजस्ताका जालझेल र षडयन्त्रबाट मुक्त हुन असम्भव भएको स्थिति माथि प्रस्तुत कथांशबाट प्रस्ट हुन्छ । यसरी तत्कालीन समाजमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण उच्चवर्गले समाजमा उच्च स्थान पाएको छ भने निम्नवर्गले निम्न स्थान नै पाएको छ । त्यसले उच्चवर्गलाई शासक र निम्नवर्गलाई शासितको स्थान तय गरिदिएर वर्गीय दमन र शोषणका लागि आधार तयार पारेको छ। उत्पादनका सबै साधन र सामाजिक प्रभुत्वमा उच्चवर्गकै वर्चस्व रहेको हुनाले निम्नवर्ग अधीनस्थ अवस्थामा पुगेको छ।

## 'सहीको सही'कथामा वर्गीय शक्तिसम्बन्ध

*गाउँको सन्देश* (२०१०) कथासङ्ग्रहमा सङ्कलित बल्लभमणि दाहालद्वारा लिखित 'सहीको सही' कथामा सामन्त वर्ग र निम्नवर्गको प्रतिनिधित्व गराइएको छ ।यस कथामा २००७ सालपछिको नेपाली समाजको वर्गीय अवस्थालाई देखाइएको छ। तत्कालीन नेपाली समाजमा देखापरेको वर्गीय विभेद, शोषण, दमन, उत्पीडन तथा असमानतालाई यस कथामा प्रस्तुत गरिएको छ । नेपाली समाजमा विद्यमान उच्चवर्ग र निम्नवर्गबीचको आर्थिक र सामाजिक शक्तिसम्बन्ध प्रस्तुत गरिएको हुनाले उत्पादनका साधन, उत्पादित वस्तु र तिनको वितरण तथा उपभोगमा उच्चवर्गीय भुँडे मुखियाको नियन्त्रण र वर्चस्व रहेको देखाइएको छ। यसमा निम्नवर्गीय गरिब काले भुजेल, भुजेल्नी, चुर्से, भुँडे मुखिया, मुखिनीलगायतका पात्र रहेका छन् । काले भुजेलले भुजेल्नी बिरामी भएका कारण मुखियाकी छोरी पुऱ्याउन जान नमान्दा मुखियाले कालेलाई मरणासन्न हुनेगरी पिटेको, मुखिनीले देखावटी रूपमा कालेमाथि सहानुभुति प्रकट गरेको तथा दबाब र सजायस्वरूप कालेलाई मुखियाले जङ्गलमा दिनरात दाउरा काट्न लगाएको र त्यही पीडाका कारण काले रगत छादेर मरेको छ र उसको लास बेवारिसे बनेको वर्णनले सामन्तको अमानवीय व्यवहार देखनउँछ । यस कथामानिम्नवर्गीय गरिब काले भुजेल, भुजेल्नी, चुर्से उत्पादनका साधन र उत्पादित वस्तुविहीन बनाइएका छन्। यस कथामा भुँडे मुखिया एकमात्र उच्चवर्गीय पात्र हो । उसले जालझेल र षडयन्त्रबाट निम्नवर्गीय गरिब सोझो काले भुजेलको जग्गाजमिन सबै हडपेको छ । मुखियाले जाली तमसुकमा सही गराई सबै जग्गाजमिन लुटेर गरिब बनाएको घटनासन्दर्भ यस कथामा प्रस्तुत गरिएको छ । त्यसैगरी उसकीश्रीमती बिरामी अवस्थामा हुँदा पनि साहुकी छोरी पुऱ्याउन अराएको छ। उसको स्वतन्त्र मानवीय अस्तित्वमाथिमुखियाले धावा बोलेको छ र आफ्नो अधीनस्थता लादेको छ। उसकै दमन र अत्याचारका कारण काले भुजेल असामयिक मृत्युको मुखमा पुगेको कारूणिक अवस्था यस कथामा चित्रित छ।

प्रस्तुत कथामा भुँडेको निम्नवर्गसँगको सम्बन्ध सामन्ती प्रकृतिको छ । काले भुजेलको जग्गा हत्याएर धनीमानी महाजन बनेको भुँडेले तल्लो वर्गका काले, चुर्से, गाउँलेहरूलगायत निम्नवर्गमाथि गरेको अन्याय, अत्याचार, थिचोमिचो, शोषण, दमन र उत्पीडनको चित्रण यस कथामा गरिएको छ । कथामा भुँडे मुखियाको निम्नवर्गका काले

भुजेल र भुजेल्नीसँगको सामन्ती र उत्पीडनकारी प्रकृतिको वर्गीय शक्तिसम्बन्धलाई यसरी प्रस्तुत गरिएको छ :

> "बिरामीलाई मुखमा माडसम्म लाउने धान छैन । केबल दुईचार पाथी कोदो बांकी छ । ती भोका केटाकेटीको पनि त सास थाम्नै पर्ला ? यसले कति दिन पुग्ला र ?"
>
> भोलिपल्ट छोरी पठाउन ढाकर बोकेर जानुपर्छ भन्ने मुखियाको समाचार आयो । अब काले भुजेल पर्‍यो दोधारेमा । घरमा यस्ती भुजेल्नी, बालबच्चा छोडेर मुखियाकी छोरी पुऱ्याउन जाओस् कसरी ? नजाओस् भने अर्काको बारी, मुखियालाई रिस उठी जा भनेर ब्रह्मा वाक्य निकाले भने कहाँ जाने ! (पृ. १७)

प्रस्तुत कथांशका आधारमा हेर्दा काले भुजेल र भुजेल्नीमाथि मुखियाले उच्चवर्गीय प्रभुत्व कायम गरेको छ । दमन र शोषणका कारण मुखिया र काले भुजेलबीचको वर्गीय सम्बन्ध शत्रुतापूर्वक रूपमा अगाडि बढेको देखिन्छ । सामन्त मुखियाको सम्पूर्ण काम बिनाज्याला गर्नुपरेको र गर्न नाइँनास्ती गरेको खण्डमा काठका तुरुङमा कोचिनु पर्ने र परेको पीडादायी अवस्था भुजेलले भोग्नुपरेको छ ।वर्गीय सम्बन्धमा सोपानक्रमिक भिन्नता रहेको छ र त्यसले दुई वर्गबीचमा विरोधाभासपूर्ण तथा वैमनष्यपूर्ण सम्बन्धको विकास गरेको देखिन्छ । यस कथांशबाट तत्कालीन वर्चस्वशाली उच्चवर्गीय सामन्ती चिन्तन, सोच र व्यवहारको सामाजिक विमर्श र सत्तासम्बन्धका कारण निम्नवर्गीय गरिबहरूको पहिचान मेटिएको, उनीहरू आफ्ना लागि नभई सामन्तहरूका लागि जिउन विवश बन्नुपरेको र उच्चवर्गले भनेको नमानेमा भौतिक, मानसिक तथा शारीरिक आक्रमण सहन बाध्य बन्नुपरेको तथ्य प्रस्तुत भएको छ ।

प्रस्तुत कथामा वर्ग सचेतनाका अभावमा निम्नवर्गले उच्चवर्गप्रति समर्पणभाव राखेको देखिन्छ । निम्नवर्गले उच्चवर्गको अधीनस्थता स्वीकार गरे तापनि उनीहरूबीच आपसी मित्रवत सम्बन्ध विकसित हुन सकेको देखिँदैन । सामन्त मुखियाको चरम अन्याय र थिचोमिचोबाट प्रताडित भएर काले भुजेलले मुखियाको अत्याचारबारे बोल्दै 'जान्न चाकडी गर्दा गर्दा आफ्ना हाडछाला मकाइ सकेर पनि तेरा मुखिया कहिल्यै खुसी हुँदैनन्' भन्छ । (पृ.१८) भुजेल्नीले मुखियाकै अधीनस्थता र वर्चस्व स्वीकार गरी उसकै पक्षपोषण गरेकी छे। कथामा मुखियाको पक्षमा भुजेल्नी भन्छे : 'मुखिया भनेको पहरो हामी भनेका कुहुनु हौं । मुखियाले आँटे भने यही बारीबाट पनि निकाली दिन सक्छन् । हामी जावो रैती नाथेको के जोड चल्छ र !' (पृ.१८)।भुजेल्नीको यस भनाइले मुखियाको थिचोमिचो र शोषणविरुद्ध आवाज उठाएर प्रतिवाद नगरेको अवस्थालाई उल्लेख गरेको छ । यस सन्दर्भले वर्गीय प्रभुत्वकै आधारबाट प्राप्त शक्तिलाई साधन बनाई निम्नवर्गमाथि थिचोमिचो गरी मुखियाले उच्च र निम्नवर्गका बीचको सम्बन्ध तिक्ततापूर्ण र वैरभावपूर्ण बनाएको देखिन्छ ।

उच्चवर्गले समाजमा आफ्नो प्रभुत्वलाई कायम राख्न निम्नवर्गको दमन गर्छ र कानुन आफ्नो हातमा लिएर आफूअनुकूल निर्णय गराउँछ । यस कथामा मुखियाले आफ्नो सामन्ती रबाफकै कारण काले भुजेललाई आफ्नी बिरामी पत्नी छाडेर छोरी पुऱ्याउन लगाएको छ (पृ. १७)। त्यसैगरी निरक्षर निम्नवर्गीय गरिब भुजेल परिवारलाई जालझेलपूर्ण ढङ्गले कागजमा औँठाछाप लगाउन लगाएर सम्पूर्ण जायजेथा हत्याएको छ(पृ. १९) । उसले भुजेलकी श्रीमती बिरामी भएका समयमा पनि धेरै टाढाको जङ्गलमा दिनरात भोकै र तिर्खै दाउरा काट्नसजायस्वरूप भुजेललाई बाध्य बनाएको, भुजेल दम्पत्तिलाई गाली गरेको (पृ. २०) र उनीहरूलाई थिचोमिचो गर्दै घरघर पाजी, बजिया भनेर गालीबेइज्जत गर्ने कार्य (पृ. २१) गरेको छ । यी सम्पूर्ण काम गर्न सक्नु मुखियामा निहित सत्ता, शक्ति र ज्ञान नै हो । उच्चवर्गीय सामन्त मुखियाले सिङ्गो भुजेलको परिवारलाई आफ्नो वर्चस्वमा पारी निरन्तर अन्याय गरेको छ । उसको निरन्तरको अत्याचारबाट भुजेलको मृत्यु भई उसको परिवार विघटनको अवस्थामा पुगेको छ । यसबाट यस कथामा उच्चवर्ग र निम्नवर्गबीचको वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको स्पष्ट हुन्छ । यसरी आर्थिक आधार र न्याय, प्रशासन, संस्कृति, ज्ञान आदि अधिरचनाका अङ्गहरू सबैमाथि अधीनस्थता कायम गरी भुँडे मुखियाले भुजेल दम्पत्तिप्रति दमन गरेको छ । यस्तो सामन्ती सम्बन्धका कारण निम्नवर्गका काले भुजेल, भुजेल्नी तथा चुर्से उच्चवर्गीय मुखियाबाट उत्पीडनमा परेको तथ्य स्पष्ट हुन्छ ।

प्रस्तुत कथामा तत्कालीन सामन्ती विमर्शात्मक संरचनाका कारण उच्चवर्गको प्रभुत्व निम्नवर्गमाथि जबर्जस्त प्रकारको रहेको देखिन्छ । यस कथामा साम, दाम, दण्ड र भेद जस्ता सबै उपाय अवलम्बन गरेर, सत्ता र शक्तिका आडमा आफ्नो स्वार्थलाई केन्द्रमा राखेर र निम्नवर्गका मानिसमाथि तीव्र अवमूल्यन गरेर उच्चवर्गले निम्नवर्गमाथि अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडन गरेको पाइन्छ । यस कथाको उच्चवर्गीय मुखियाले आफूले भनेजस्तो नगर्दा निम्नवर्गको कालेमाथि सहीनसक्नु ज्यादती गरेको छ । मुखियाले कालेलाई आफ्नो स्वार्थअनुकूल काम नगर्दा मानसिक मात्र नभई भौतिक आक्रमण नै गरेको छ । कथामा भुजेलमाथिको मुखियाको ज्यादतिलाई यसरी प्रस्तुत गरिएको छ :

> पिरामा डरले काम्दै बसेको काले भुजेलको पीठमा काँटी ठोकेका जुत्ता बर्सिए । त्यति गर्दा पनि काले भुजेजले मुखियालाई केही गरेन । बल नभएर होइन । रातार राता बल्ढ्याङ्ग्रे आँखा पल्टाउँदै चोर मेरो बारीमा बसेर मभन्दा ठूलो भइस् । मैले भनेको नमान्ने भनेर झन् निर्दयतासँग पिट्न लाग्यो । त्यति गर्दा पनि काले भुजेल पाउ समात्दै 'राजा भने पनि देउता भने पनि' हजुर नै हुनुहुन्छ हजुर ? बिराएँ भन्न लाग्यो । साँच्ची नै काले भुजेलका लागि भुँडे मुखिया छाडेर संसारमा अर्को ठूलो मानिस कोही थिएन । (पृ. २०-२१)

प्रस्तुत कथांशलाई हेर्दा जति कुटाइ खाए तापनि निम्नवर्गको काले भुजेलले उच्चवर्गको मुखियाको कुकार्यको प्रतिरोध गर्न सकेको देखिँदैन । आफू मरणासन्न हुने गरी

पिटिँदा पनि उसले मुखियालाई देवतासमान मानेर पूजा गरेको छ। तत्कालीन सामन्तवादी विमर्शात्मक संरचनायुक्त समाजमा कालेको मुखियाप्रतिको समर्पणभाव स्वाभाविक रहेको देखिन्छ किनभने केन्द्रीय र स्थानीय सत्ता, शक्ति र पहुँच, प्रभुत्व र वर्चस्व, नियमकानुन सबै मुखियाकै अधीनमा रहेको अवस्था देखिन्छ। तत्कालीन सामन्ती विवर्शात्मक संरचनामा सामन्तवर्गको उच्चवर्गीय नाइके मुखियाका षडयन्त्रमा नभुजेलजस्ता निम्नवर्गीय गरिब पर्नुपरेको छ । उनीहरू आवाजविहीन जीवन बाँच्न विवश छन् । उनीहरूको स्वतन्त्र अस्तित्व छैन । उच्चवर्गकै सेवा र चाकरीमा बिताउनु उनीहरूको दिनचर्या हो । यसप्रकार उत्पादनका साधन र उत्पादित वस्तुमाथि एकाधिकार कायम गरी निम्नवर्गीय भुजेल दम्पत्तिमाथि अधीनस्थता लाद्ने काम यस कथामा सामन्त भुँडे मुखियाले गरेको छ। एउटा वर्गले अर्को वर्गमाथि गर्ने विभेद, शोषण, दमन र उत्पीडनको स्वरूपलाई यहाँ देखाइएको छ। तत्कालीन सामन्तवादी/ पुँजीवादी वर्गयुक्त समाज र सामाजिक संरचना भएकै कारणले त्यस बेलाको विमर्शात्मक संरचना नै निम्नवर्गमाथि सत्ता र शक्तिको पहुँचका कारण शोषण गर्न कुन हदसम्म उद्धत थियो भन्ने कुरा यस कथामार्फत स्पष्ट भएको छ । उच्चवर्गीय मुखियाको अत्याचार विरुद्धको चेतना भित्रभित्रै प्रकट भए तापनि बाहिर प्रकट भएर त्यसले सङ्गठित स्वरूप लिन नसकेका कारण भुजेलको अवस्थामा परिवर्तन आउन सकेको देखिँदैन। यहाँस्थानीय सत्तामा उच्चवर्गकै वर्चस्व रहेको र श्रमको मूल्य निर्धारण, सामाजिक न्याय, श्रमको अतिरिक्त मूल्यको शोषणजस्ता कार्यमा उसले छुट पाएको छ। त्यसलाई समाजमा स्थापित विमर्शात्मक संरचना, सत्तासम्बन्ध परमपरागत सोच र संस्कृतिले वैधता प्रदान गरेको छ । यी सबै परिस्थिति र अवस्थालाई अवसरका रूपमा प्रयोग गरी उच्चवर्गले निम्नवर्गमाथि विभेद, दमन र शोषण गर्दा निम्नवर्ग चरम दमन र उत्पीडनमा परेको देखिन्छ।

## निष्कर्ष

कोशराज शर्माको 'दसैं' र बल्लभमणि दाहालको 'सहीको सही' कथामा ग्रामीण जीवनका निम्नवर्गीय पीडा, दुःख र सङ्घर्षको प्रस्तुति पाइन्छ । यी कथामा सामन्त वर्ग र त्यसबाट उत्पीडित निम्नवर्गको प्रतिनिधित्व गराइएको छ । विश्लेष्य कथामा उच्चवर्गीय सामन्त मुखिया र भुँडे मुखियाले शोषक वर्ग र निम्नवर्गीय मानबहादुर तथा काले भुजेल दम्पत्तिले शोषित वर्गको प्रतिनिधित्व गरेका छन्। उत्पादन, वितरण, विनिमय तथा उपभोगको प्रक्रियामा सामन्तकै पहुँच रहेको र निम्नवर्गीयहरू वञ्चित रहेको अवस्था यहाँ देखाइएको छ। उत्पीडक र उत्पीडितबीचको वर्गीय सम्बन्ध शत्रुतापूर्ण र तिक्ततापूर्ण रहेको छ। आफ्नो प्रभुत्व र वर्चस्व गरिबमाथि राखिराख्न सङ्घर्षरत सामन्तविरुद्ध सङ्गठित रूपमा निम्नवर्गहरूले प्रतिरोध गर्न सकेका छैनन् । उच्चवर्गले आफ्नो वर्गीय अहङ्कार र दम्भका आडमा निम्नवर्गमाथि तीव्र शोषण गरेको छ। यीकथामा वर्गीय रूपमा उच्चवर्गले निम्नवर्गमाथि आर्थिक र भौतिक दमन गरेको छ। उच्चवर्गीय सामन्तवादी शोषण, दमन,

विभेद र उत्पीडनका कारण निम्नवर्गीय मजदुर किसान र नोकर कहिल्यै माथि उठ्न नसक्ने अवस्थामा पुगेका छन् । उच्चवर्गले आफ्नो आर्थिक, सामाजिक र राजनीतिक प्रभुत्व स्थापित गर्दै वर्चस्वसमेत कायम राखेको छ । निम्नवर्गका मानिसहरूको सत्तासम्बन्धमा कुनै पहुँच छैन । उनीहरू अत्यन्तै कारूणिक अवस्थामा निरीह र कमजोर भएर बाँच्न विवश छन् । उच्चवर्गको आर्थिक वर्चस्व र अधीनस्थकै कारण निम्नवर्ग किनारीकृत र अस्तित्वविहीन बन्न पुगेको देखिन्छ । वर्गीय असमानता, उच्चवर्गीय सामन्तवादी वर्चस्व र अधीनस्थता, निम्नवर्गीय दीनहीनता र पुँजीवादी चरित्रका कारण उत्पीडित वर्गका समुदायले भोग्नुपरेका सास्ती तथा त्यसबाट उत्पन्न कारूणिक जीवनदशालाई देखाइएको छ । उक्तकथामा तत्कालीन सामन्तवादी विमर्शात्मक संरचनामा शक्तिका स्रोतबाट वञ्चित, उपेक्षित र अधीनस्थ निम्नवर्गीय उत्पीडित समुदायको प्रतिनिधित्व गराइएको छ । तत्कालीन समाजमा सामन्तवादी विमर्शात्मक संरचना क्रियाशील रहेका कारण उत्पादनका साधनमाथि उच्चवर्गीय वर्चस्व कायम भएको देखिन्छ । स्थानीय सत्ता उच्चवर्गको वर्चस्वभित्र रहेको र केन्द्रीय सत्तासम्मको पहुँच पनि उच्चवर्गकै मात्र भएको हुनाले निम्नवर्ग समस्यामा परेको छ । यिनै कारणहरूले तत्कालीन समाजको वर्गीय शक्तिसम्बन्ध असन्तुलित र शत्रुतापूर्ण बनेको सत्यापित भएको छ । समग्रतः तत्कालीन सामन्तवादी विमर्शात्मक संरचनाका कारण उच्चवर्गले निम्नवर्गको जायजेथा कब्जा गरेर, षड्यन्त्रपूर्वक सम्पत्ति र घरबास हडपेर र श्रमको शोषण गरेर निम्नवर्गमाथि गरेको अन्याय र अत्याचारका कारण वर्गीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको छ । त्यो वर्गीय शक्तिसम्बन्ध अमानवीय र असन्तुलित प्रकृतिकोरहेको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

गिरी, अमर (२०७०), *सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा,* मोदनाथ प्रश्रित, (सम्पा.), भृकुटी, (सांस्कृतिक विशेषाङ्क १९), पृ. ११–४६ ।

गौतम, कृष्ण (२०७१), *उत्तरसिद्धान्त,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

चैतन्य, (२०७०), *सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा,* मोदनाथ प्रश्रित, (सम्पा.),भृकुटी, (सांस्कृतिक विशेषाङ्क १९), पृ. १४२–१६५ ।

रेग्मी, कोशराज (२०१०), *'दसैँ', गाउँको सन्देश,* बल्लभमणि दाहाल, कोशराज शर्मा र भोलानाथ दाहाल, (सम्पा.), वनारस : जनयुग प्रकाशन ।

दाहाल, बल्लभमणि (२०१०), *'सहीको सही', गाउँको सन्देश,* बल्लभमणि दाहाल, कोशराज शर्मा र भोलानाथ दाहाल, (सम्पा.), वनारस : जनयुग प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* काठमाडौँ : साझा प्रकाशन ।

पौडेल, रामचन्द्र (२०७०), *मार्क्सवाद र उत्तरसंरचनावाद : एक तुलनात्मक विश्लेषण,* प्रवर्तक, (पूर्णाङ्क ३), पृ. ९२-९६ ।

पौड्याल, षडानन्द (२०७६), *आधुनिक नेपाली कथामा सामाजिक सम्बन्ध,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद(२०७०), *सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू,* मोदनाथ प्रश्रित, (सम्पा.),भृकुटी, (सांस्कृतिक विशेषाङ्क १९), पृ. ३३४-३६४ ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

Beteille, Andre (1996), *Caste, Class and Power,* Third Edition, New Delhi : Oxford University Press.

Barker, Chris (2017), 5th Ed, *Cultural Studies : Theory and Practice,* London : Sage Publication.

Faucult, Michel (1977), *Discipline and Punish: The Birth of the Prison,* New York : Pantheon.

Faucult, Michel (1980), *Power/Knowledge,* New York : Pantheon.

Gramsci, Antonio (1996), *Selections from the Prison Notebooks,* Hindi Edition, (translated by hoare and Geoffrey Nowell Smith), hyderabad : Orient Longman.

Hall, Stuart (1997), *Representation,* London : Sage Publication.

Lukes, Steve (1974), *Power: A Radical View.* London: Macmillan Press.

Mills, C.Wright (1956), *The power elite,* United States : Oxford University press.